माई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सितली, इलाम

पत्र संख्याः २०८३/०८४
च.नं.

कोशी प्रदेश, नेपाल

आन्तरिक आय संकलन सम्बन्धि बोलपत्र आह्वान सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२६

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यस नगरपालिकाको आगामी आ व २०८३/०८४ का लागि आन्तरिक आय संकलन गर्न निम्न शिर्षक अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको मिति २०८३/०५/२६ गतेको ठेक्का बन्दोवस्त गर्ने निर्णयानुसार ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का सम्बन्धी कागजात तथा नगरपालिका बाट तोकिएको दररेटमा एवं शर्तहरुको अधिनमा रही न्युनतम ठेक्का अंकमा नघट्ने गरी ७ दिने बोलपत्र आह्वान गरिएको छ। सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म/कम्पानी/संस्थाहरुले ठेक्का सम्बन्धी कागजात यस कार्यालयबाट खरिद तथा पेश गर्न सकिनेछ।

तपशिलः-

सी.न.	ठेक्का नं	ठेक्का शिर्षक	आ.ब.२०८३/८४ का लागि प्राप्त न्यूनतम अंक भ्याट वाहेक	बोलपत्र फाराम दस्तुर	बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति	बोलपत्र फाराम खोल्ने मिति र समय
१	MM/IR/02/083/84	शुक्रबारे पशुपंछी हाटबजार	२०,००,०००.०००	३०००.००	२०८३/०६/०२ गते दिनको ठिक १२ बजे सम्म	२०८३/०६/०२ गते दिनको ठिक ०२:०० बजे
२	MM/IR/03/083/84	शुक्रबारे हाट बजार (पशुपंछी बजार बाहेक)	१,५०,०००.०००	१०००.००	२०८३/०६/०२ गते दिनको ठिक १२ बजे सम्म	२०८३/०६/०२ गते दिनको ठिक ०२:०० बजे

Binita 2083-05-26

विनिता सुवेदी
प्रशासकीय अधिकृत

	३	MM/IR/04/083/84	सोमबारे हाट बजार (टहरा सहित)	३०,०००.०००	१०००.००	२०८३/०६/०२ गते दिनको ठिक १२ बजे सम्म	२०८३/०६/०२ गते दिनको ठिक ०२:०० बजे
	४	MM/IR/05/083/84	विहिवारे हाट बजार (टहरा सहित)	४०,०००.०००	१०००.००	२०८३/०६/०२ गते दिनको ठिक १२ बजे सम्म	२०८३/०६/०२ गते दिनको ठिक ०२:०० बजे
	५	MM/IR/06/083/84	मंगलवारे हाट बजार (टहरा सहित)	१०,०००.०००	१०००.००	२०८३/०६/०२ गते दिनको ठिक १२ बजे सम्म	२०८३/०६/०२ गते दिनको ठिक ०२:०० बजे

शर्तहरुः

१. ईच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले कागजात पेश गर्दा फर्म/कम्पनी/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्र र आ.ब. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप को प्रमाणित प्रतिलिपि साथै स्वः घोषणा पत्र संलग्न राखि बोलपत्र सम्बन्धी कागजात खरिदका लागि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) यस नगरपालिकाको सानीमा बैंक माई शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५२०१००४००००१३ मा जम्मा गरी भौचर र माथि उल्लेख गरिएका कागजात सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

२. बोलपत्र दाखिला गर्ने बोलपत्रदाताहरुले कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाको सानीमा बैंक माई शाखामा रहेका धरौटी खाता नं. ०५२०१००२०००००० मा जम्मा भएको भौचर पेश गर्नु पर्नेछ वा वाणिज्य बैंक वा वितिय संस्थावाट यस कार्यालयको नाममा जारी भएको १२० दिन म्याद भएको बिडबन्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ।

३. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा माई नगरपालिकाको कार्यालमा मिति २०८३/०६/०२ गते दिउसो ०२:०० वजे खोलिनेछ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

२०८३-०५-२५
बिनिता सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

४. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ।

६. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिकरुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ।

७. बोलपत्र स्वीकृत भएको आशयको सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरि आवश्यक कानूनी कारवाही गरिने छ।

८. ठेक्का सम्झौताको समयमा स्वीकृत ठेक्का रकमको एकमुष्ट १३ प्रतिशत मु.अ.कर यस नगरपालिकाको नाममा बुझाई भौचर पेश गर्नु पर्नेछ।

९. ठेक्का सम्झौताको समयमा कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ।

१०. किस्तावन्दी रुपमा रकम बुझाउने भए पहिलो किस्ता वापत ठेक्का कवोल रकमको ५० प्रतिशत रकम सम्झौताको समयमा बुझाउनु पर्नेछ। वाँकी ५० प्रतिशत रकम सम्झौता मिति देखि २ महिना भित्र अनिवार्य बुझाउनु पर्नेछ।

११. सम्पुर्ण रकम एकमुष्ट नबुझाएमा बोलपत्रदाताले ठेक्का सम्झौता गर्न आउँदा कति रकम बुझाउन बाँकी हुन्छ सो बराबरको जमानत बापत रकम नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकवाट सम्झौता अवधिसम्मको मान्य हुने बैंक ग्यारेण्टी सम्झौताको समयमा पेश गर्नु पर्नेछ।

१२. ठेक्का सम्झौता अवधि २०८३ साल असोज महिना देखि २०८४ साल आषाढ मसान्त सम्म कायम रहने छ।

१३. माथि उल्लेखित शर्तहरु वाहेक अन्यका हकमा सार्वजनिक खरिद ऐन,नियमवाली,माई नगरपालिकाको आर्थिक ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

२०८३-०४-२६

विनिता सुवेदी
प्रमुख प्रशासकीय अधिकृत